नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २९८

मितिः २०८२/११/२७

नेपाल संवत् ११४६

विषयः जानकारी सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालयको प.सं. २०८२/०८३, च.नं. ९२०, मिति २०८२/११/२५ को आवश्यक सहजीकरण तथा सहयोग गर्ने सम्बन्धमा पत्राचार सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

११/२६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः-

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यलय, रामशाहपथ, थापाथली, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६, ५३४५९४७, ५३४५९४८, ५३४५८४८, ५३४१८०१, ५३२९४०६

पो.ब.नं. ११०३१
रामशाहपथ,
थापाथली, काठमाडौँ

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली, काठमाडौँ

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २९१३
दर्ता मिति:- ११/२६

पत्र संख्याः ०८२।८३
च.नं. : ९२०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

मितिः २०८२/११/२५

विषयः आवश्यक सहजीकरण तथा सहयोग गर्ने सम्बन्धमा पत्राचार गरिदिने बारे ।

प्रस्तुत विषयमा नेपालमा दोस्रो राष्ट्रिय आर्थिक गणना यसै आ.व. २०८२/८३ मा सञ्चालन हुँदैछ। यो गणना जनगणना, कृषिगणना जस्तै आवधिक रूपमा सम्पन्न गरिने देशव्यापी कार्यक्रम हो। नेपालभर संचालनमा रहेका आर्थिक एकाइ वा प्रतिष्ठान/व्यवसायमा निश्चित समयावधिभित्र पुगी विवरण सङ्कलन गर्नु आर्थिक गणनाको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। प्रतिष्ठानहरूको विद्यमान सङ्ख्या, अर्थतन्त्रका क्षेत्रगत संरचना, आकार र वितरण सम्बन्धी तथ्याङ्क उत्पादन गर्ने र देशको कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानको सुदृढीकरण गर्ने उद्देश्य सहित यो गणना सम्पन्न हुँदैछ। यसबाट तीनै तहका सरकारलाई नीति तथा योजना तर्जुमा र कार्यक्रम संचालन गर्न सहयोग पुग्नेछ। यसको लागि नेपाल सरकारबाट "राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२" तथा "राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क सङ्कलन गर्ने आदेश, २०८२" स्वीकृत भई लागु भएको छ।

राष्ट्रिय आर्थिक गणना, २०८२ को स्थलगत तथ्याङ्क संकलनको लागि ७७ जिल्लामा ८४ ओटा जिल्ला आर्थिक गणना कार्यालय वि.सं. २०८२ साल चैत १ देखि २०८३ असार मसान्तसम्म (चार महिनाको लागि) स्थापना गर्ने र तथ्याङ्क सङ्कलनको स्थलगत कार्य मिति २०८३ वैशाख २ गते देखि २०८३ असार ७ गते सम्म सञ्चालन गर्ने कार्यतालिका रहेको छ। तसर्थ, राष्ट्रिय आर्थिक गणनालाई स्थानीय तहको पूर्ण सहभागिता, सहयोग र सहकार्यमा सम्पन्न गर्न देशभरका सबै स्थानीय तहलाई तपसिल बमोजिम कार्यमा सहजीकरणका लागि पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध गर्दछु।

तपसिलः

राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ अनुसार दफा १७ अनुसार "स्थानीय तहले आफ्नै स्रोतबाट खर्च व्यहोर्ने गरी गाउँपालिका/नगरपालिकाभित्र गणना कार्यलाई सहयोग र सहजिकरण गर्नका साथै आर्थिक क्रियाकलाप सञ्चालन गर्न व्यवसाय तथा प्रतिष्ठानको पूर्ण गणना भएको प्रत्याभुत गर्न सम्बन्धित स्थानीय तहका अध्यक्ष/प्रमुखको संयोजकत्वमा "स्थानीय आर्थिक गणना समन्वय समिति" र वडा अध्यक्षको संयोजकत्वमा "आर्थिक गणना वडा सहजिकरण समिति" गठन गर्न सक्ने व्यवस्था रहेको छ। उक्त प्रावधान अनुसार स्थानीय आर्थिक गणना समन्वय समिति/आर्थिक गणना वडा सहजीकरण समितिको संरचना नमुना र कार्य विवरण देहायअनुसार गठन गर्न सकिने व्यहोरा कार्यालयको निर्णयानुसार अनुरोध छ।

क) स्थानीय आर्थिक गणना समन्वय समितिको संरचना

- स्थानीय तहको प्रमुख/अध्यक्ष — संयोजक
- स्थानीय तहको नगर उप-प्रमुख/उपाध्यक्ष — सदस्य
- वाणिज्य, व्यापार सङ्घ संस्थाका प्रतिनिधि (३ जना) — सदस्य

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६
५३४५९४७
५३४५९४८
५३४५८४८
५३४१८०१
५३२९४०६

पो.ब.नं. ११०३१
रामशाहपथ,
थापाथली, काठमाडौं

पत्र संख्याः

च.नं. :

- सुरक्षा प्रतिनिधि — सदस्य
- प्रशासकीय अधिकृत वा संयोजकले तोकेको व्यक्ति — सदस्य सचिव

ख) आर्थिक गणना वडा सहजीकरण समितिको संरचना

- वडा अध्यक्ष — संयोजक
- वडा सदस्य (१ जना) — सदस्य
- वाणिज्य, व्यापार सङ्घ संस्थाका प्रतिनिधि (३ जना) — सदस्य
- सुरक्षा प्रतिनिधि — सदस्य
- वडा सचिव — सदस्य सचिव

ग) दुवै समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

- राष्ट्रिय आर्थिक गणनाको बारेमा जनचेतना तथा प्रचारप्रसार गर्ने,
- स्थलगत तथ्याङ्क सङ्कलनमा समन्वय तथा सहजीकरण गर्ने,
- गणना कार्यको सुरक्षा र विश्वासको वातावरण सिर्जना गर्ने,
- स्थलगत तथ्याङ्क सङ्कलन कार्यको अनुगमन गर्नुका साथै प्रतिष्ठान/व्यवसायको पूर्ण गणना भएको सुनिश्चित गर्ने साथै गणनामा खटिएका कर्मचारीलाई आवश्यक सहयोग गर्ने,
- स्थलगत तथ्याङ्क सङ्कलनमा आइपरेका समस्याको समाधान गर्ने।

(ढुण्डीराज लामिछाने)
उप प्रमुख तथ्याङ्क अधिकारी